फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❑खण्ड ७ ❑संख्या १ ❑२०८०/०८/२८

गाउँ कार्यपालिकाबाट पारित : २०८०/०८/२४

प्रमाणिकरण : २०८०/०८/२६

## भाग २

# साझेदारीमा विद्यार्थीको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि, २०८०

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

**प्रस्तावनाः** फेदीखोला गाउँपालिकाले शैक्षिक सत्र २०८० देखि फेदीखोला गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई आर्थिक उपार्जनमा सहभागी गराउने साथै सानो उमेरबाट बचत गर्ने बानीको विकास र उद्यमशीलताको प्रवर्धन गराउने उद्देश्यले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ तथा **फेदीखोला गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४** (प्रथम संशोधन सहित) को दफा ६० ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "साझेदारीमा विद्यार्थीको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिका भन्ने सम्झनुपर्दछ।

(ख) "विद्यालय" भन्नाले विद्यार्थी अध्ययनरत फेदीखोला गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय भन्ने सम्झनुपर्दछ।

(ग) "साझेदारी" भन्नाले फेदीखोला गाउँपालिका र तोकिएको सेवा प्रदायक संस्था मिलेर सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ।

(घ) "खातावाला" भन्नाले फेदीखोला गाउँपालिका र सेवा प्रदायक संस्था बीचको साझेदारीमा तोकिएको बैंकमा खाता खोलिएको विद्यार्थीलाई सम्झनुपर्छ।

(ङ) "प्रधानाध्यापक" भन्नाले विद्यार्थी अध्ययनरत विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

(च) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी फेदीखोला गाउँपालिकामा शाखा रहेको र फेदीखोला गाउँपालिकाले बैकिङ कारोबार गरिरहेको बैंकलाई सम्झनुपर्दछ।

(छ) "खाता सञ्चालन अभियान" भन्नाले यस कार्यविधिको अधिनमा रही सेवा प्रदायक संस्था सम्बन्धित विद्यालयमा पुगी विद्यार्थीको खाता खोल्नका लागि सञ्चालन गर्ने कार्यक्रमलाई सम्झनुपर्दछ।

(ज) "खाताको समयावधि" भन्नाले खाता खोलेको मितिदेखि १२ कक्षा उर्त्तीण नहुँदाको अवधि सम्झनुपर्दछ।

## परिच्छेद-२

## साझेदारीमा विद्यार्थीको खाता सञ्चालन सम्बन्धी व्यवस्था

३. **कार्यक्रममा आवद्ध हुने**: (१) शैक्षिक सत्र २०८० वा सो मितिभन्दा पछि भर्ना भएका विद्यार्थीलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकसँग समन्वय गरी जन्मदर्ता र आवश्यक अन्य कागजातहरु सहित अनुसूची-१ बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनुपर्नेछ र सम्बन्धित विद्यालयले विद्यालयको सिफारिस सहित अनुसूची-२ मा तोकिएको ढाँचामा सेवा प्रदायक संस्थालाई निवेदन दिनुपर्नेछ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई कार्यक्रमको सुरुवातमा सम्बन्धित विद्यालयमा गएर नियमानुसार खाता खोल्नेछ। छुट भएका विद्यार्थीहरुको हकमा सम्बन्धित विद्यालयले बैंकमा गएर खाता खोलिदिनु पर्नेछ। साथै बैंकले खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सो खाता नम्बर सहितको विवरण अनिवार्य रुपमा फेदीखोला गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ।

(३) शैक्षिक सत्र २०८० वा सो मितिपछि भर्ना भएका बालबालिकालाई कार्यक्रममा आवद्ध गराउनु सम्बन्धित विद्यालयका प्रधानाध्यापक र निजका अभिभावकको कर्तव्य हुनेछ।

(४) प्रचलित कानून बमोजिम फेदीखोला गाउँपालिका भित्र स्थापित बालगृह, अनाथालय वा वैकल्पिक स्याहारमा आश्रित रहेका बालबालिकालाई कार्यक्रममा आवद्ध गर्नु प्रधानाध्यापक र त्यस्तो संस्थाका प्रमुख वा संरक्षकको कर्तव्य हुनेछ।

४. **खाता खोल्ने समयावधि सम्बन्धी व्यवस्था:** (१) आवश्यक प्रक्रिया पूरा गरी सेवा प्रदायक संस्थाले प्रत्येक विद्यालयमा पुगी विद्यार्थीको खाता खोल्ने कार्य पहिलो पटक माघ मसान्तसम्म कायम गर्ने र आगामी शैक्षिक सत्रदेखि कार्तिक मसान्तसम्म सक्नु पर्नेछ।

(२) खाता सञ्चालन अभियानमा छुट भएका र अभियान पछि भर्ना हुने विद्यार्थीहरुको हकमा विद्यार्थी सम्बन्धित विद्यालयमा छुट भएको वा भर्ना भएको एक हप्ता भित्र खाता खोल्नका लागि सम्बन्धित विद्यालयको कक्षा शिक्षकलाई अनुसूची-१ बमोजिमको ढाँचाको निवेदन सहित आवश्यक कागजात बुझाउनु पर्नेछ। विद्यार्थीले निवेदन पेस गरेको १५ दिन भित्र विद्यालयले अनुसूची-२ को बमोजिमको ढाँचामा सिफारिस सहित बैंकमा गएर खाता खोलिदिनु पर्नेछ।

५. **फेदीखोला गाउँपालिका र सेवा प्रदायक संस्थाले रकम उपलब्ध गराउने तथा खातामा जम्मा हुने:** (१) सवत् २०८० सालमा वा सो भन्दा पछि विद्यालयले सिफारिस गरेका विद्यार्थीलाई कार्यक्रम अन्तर्गत फेदीखोला गाउँपालिका र सेवा प्रदायक संस्थाले नि:शुल्क खाता खोली रु १००/१०० (सय/सय रुपैँया) विद्यार्थीको खातामा रकम जम्मा गर्नेछ।

(२) यस कार्यविधि बमोजिम खोलिएको बैँक खातामा सम्बन्धित खातावाला विद्यार्थीले विद्यालय अन्तर्गत स्थापित अक्षयकोषबाट वितरित हुने छात्रवृत्ति रकम, फेदीखोला गाउँपालिकाबाट वितरित हुने छात्रवृत्ति रकम, विभिन्न सामाजिक संघसंस्थाले विद्यालय मार्फत विद्यार्थीलाई दिने आर्थिक सहयोग रकम र अन्य स्रोतबाट प्राप्त हुने नगद रकम समेत जम्मा गर्न सक्नेछन्।

(३) देहायको अवस्थामा उपदफा (१) बमोजिमको रकम खातावालालाई उपलब्ध हुने छैन।

(क) विद्यार्थीले माध्यमिक तह (कक्षा ११-१२) उत्तीर्ण नगरेमा वा अध्ययन बीचैमा छोडेमा वा

(ख) २० वर्ष नपुगी विवाह गरेमा।

(४) उपदफा (३) अनुसारको अवस्था भएमा त्यस्तो जानकारी फेदीखोला गाउँपालिकालाई दिनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ। फेदीखोला गाउँपालिकाले यसरी जानकारी प्राप्त हुन आएमा वा अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा समेत अभिलेख व्यवस्थित गर्नु पर्नेछ।

६. **खातावालाले पाउने सुविधा सम्बन्धी व्यवस्था:** (१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा फेदीखोला गाउँपालिका र सेवा प्रदायक संस्था बीच सम्झौता गरी सो सम्झौता बमोजिम हुनेछ।

(२) बैंकले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने ब्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित व्यक्तिको खातामा नै जम्मा गर्नुपर्नेछ।

७. **खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्था:** (१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले माध्यमिक तह (कक्षा ११-१२) उत्तीर्ण गरेको प्रमाण सहितको निवेदन फेदीखोला गाउँपालिकामा पेस गर्नुपर्नेछ। त्यस्तो निवेदन प्राप्त भएपछि फेदीखोला गाउँपालिकाले रकम भुक्तानी दिनको लागि बैँकलाई सिफारिस गरी पठाउनेछ। फेदीखोला गाउँपालिकाबाट सिफारिस प्राप्त भएपछि मात्र बैँकले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ।

(२) यस कार्यक्रममा आवद्ध खातावालाको खातामा दफा ५ को उपदफा (३) अनुसारको अवस्थामा समेत रकम जम्मा भएको रहेछ भने त्यस्तो रकम निजलाई भुक्तानी दिइने छैन।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो व्यहोरा पुष्टी हुने कागजात सहित खातावाला वा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै वा विद्यार्थीको माध्यमिक शिक्षा पूरा नहुँदै पनि खातामा रहेको रकम भुक्तानीको लागि फेदीखोला गाउँपालिकामा निवेदन दिन सक्नेछन्। फेदीखोला गाउँपालिकाले जाँचबुझ गर्दा सो व्यहोरा पुष्टि हुन आएमा खाताको समयावधि समाप्त हुनु अगावै पनि खातामा रहेको रकम सम्बन्धित खातावालालाई भुक्तानी दिनको लागि बैँकलाई लिखित जानकारी गराउनेछ। यसरी जानकारी प्राप्त हुन आएमा सेवा प्रदायक संस्थाले सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षकलाई समयावधि पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ।

(क) खातावाला विद्यार्थीको मृत्यु भएमा वा

(ख) असाध्य वा कडा रोग लागेको वा गम्भिर प्रकृतिको अपाङ्ग भएको भनी सरकारी अस्पतालबाट प्रमाणित भई सोही कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेको वा नसक्ने भएमा वा

(ग) अभिभावक वा संरक्षकको मृत्यु भई आर्थिक कठिनाइका कारणले विद्यालय शिक्षालाई निरन्तरता दिन वा पूरा गर्न नसकेको वा नसक्ने भएमा।

(घ) खाताको समयावधि समाप्त हुनु अगावै उपदफा (३) को खण्ड (क) बमोजिम रकम भुक्तानी भएको अवस्थामा त्यस्तो खाताको निरन्तरता दिइने छैन। तर खण्ड (ख) र (ग) को अवस्थामा भने खाताको समयावधि निरन्तर रही रहनेछ।

(५) उपदफा (३) (क), (ख) र (ग) बमोजिम पेस हुन आएको व्यहोरा वा कागजात र प्रमाणहरु झुठ्ठा वा किर्ते ठहरिएमा फेदीखोला गाउँपालिकाले सम्बन्धित बैंकलाई सोको जानकारी गराउनेछ। त्यस्तो खातामा रहेको रकम खातावालालाई भुक्तानी गरिने छैन।

यसरी झुट्ठा व्यहोरा वा कागजात वा प्रमाणहरु पेस गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।

(६) उपदफा (२) र (५) बमोजिम सम्बन्धित खातावालालाई भुक्तानी हुन नसकेको रकम बैंकले फेदीखोला गाउँपालिकालाई फिर्ता पठाउनु पर्नेछ र गाउँपालिकाले उक्त रकम यसै कार्यक्रम अन्तर्गत रही खर्च गर्नेछ ।

## परिच्छेद-३
## सेवा प्राप्ति सम्बन्धी व्यवस्था

८. **सेवा प्राप्त गर्ने:** (१) फेदीखोला गाउँपालिकाले बैंकिङ कारोबार गरिरहेको सेवा प्रदायक संस्थासँग सम्झौता गरी सम्झौतामा उल्लेखित कार्यक्रम अन्तर्गत खाता सञ्चालनको सेवा प्राप्त गर्ने छन ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदायक संस्थासँग सेवा प्राप्त गर्न नसक्ने अवस्था भएमा फेदीखोला गाउँपालिकाले अन्य सेवा प्रदायक संस्थासँग समेत सम्झौता गरी सेवा प्राप्त गर्न सक्नेछन् ।

९. **सम्झौता रद्ध हुने:** (१) देहायको अवस्थामा दफा ६ बमोजिम फेदीखोला गाउँपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौता रद्ध हुनेछः

(क) सेवा प्रदायक संस्थाले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा,

(ख) सम्झौताका शर्त तथा यस कार्यविधिमा उल्लेखित व्यवस्थाको पालना नगरेको कारण एक र अर्को पक्षलाई असुविधा पर्न गएमा,

(ग) फेदीखोला गाउँपालिकाबाट कार्यक्रममा बजेट व्यवस्था नभई निरन्तरता दिन नसकिने वा अन्य कुनै कारण परेमा सेवा प्रदायक संस्थासँग समन्वय गरी फेदीखोला गाउँपालिकाले सम्झौता रद्ध गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

१०. **अभिलेख तथा प्रतिवेदन:** (१) फेदीखोला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यक्रममा आवद्ध विद्यार्थीहरुको आधारभूत अभिलेख अनुसूची-३ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ।

११. **अनुगमन, मूल्याङ्कन तथा निर्देशन:** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन नियामानुसार फेदीखोला गाउँपालिकाले गर्न सक्नेछ।

१२. **बाधा अड्काउ फुकाउ तथा संशोधन:** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न बाधा अड्काउ परेमा फेदीखोला गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाइ कार्यक्रम सुचारु गर्न सक्नेछ।

(२) कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक भएमा फेदीखोला गाउँ कार्यपालिकाबाट संशोधन हुनेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**आवद्धताका लागि विद्यार्थीले विद्यालयमा दिने निवेदनको ढाँचा**

श्रीमान् प्राधानाध्पकज्यू,

.................................विद्यालय,

फेदीखोला- .........., स्याङ्जा।

विषयः कार्यक्रममा आवद्धता सम्बन्धमा।

प्रस्तुत विषयमा फेदीखोला गाउँपालिका र ......................................... बैँकको साझेदारीमा खाता सञ्चालन कार्यक्रममा सहभागी हुन मञ्जुर भई आवद्धताका लागि यो निवेदन पेस गरेको/गरेकी छु।

विद्यार्थीको नामः ...........................................................

जन्म मितिः ..............................

जन्मदर्ता नम्बरः ...................................

जन्मदर्ता मितिः ................................

बाबुको नामः ...........................................................

आमाको नामः ...........................................................

बाजेको नामः ...........................................................

छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदकः**

हस्ताक्षरः

विद्यार्थीको नामः

कक्षाः

रोल नं.

विद्यालयको नामः

ठेगानाः

मितिः

## अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**खाता खोल्नको लागि विद्यालयले बैंकलाई सिफारिस गर्ने ढाँचा**

.................................विद्यालय,

फेदीखोला-...., स्याङ्जा

मिति ...................

श्री प्रबन्धकज्यू,
प्राइम कमर्सियल बैंक,
फेदीखोला शाखा ।

विषयः खाता खोलिदिने बारे।

प्रस्तुत विषयमा फेदीखोला गाउँपालिका र ................... बैंकको साझेदारीमा विद्यार्थीको खाता सञ्चालन कार्यक्रम अन्तर्गत देहायका व्यक्तिहरुको खाता खोलिदिनु हुन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिलः

| क्र.सं. | खातावाला विद्यार्थीको नाम | जन्म मिति | जन्मदर्ता नं. र दर्ता मिति | अभिभावक वा संरक्षकको नाम | विद्यालयको नाम र ठेगाना | विद्यार्थीको स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**स्थानीय तहले राख्ने अभिलेखको ढाँचा**

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

| क्र.सं. | खातावाला विद्यार्थीहरुको नाम | जन्म मिति | जन्मदर्ता नं. र दर्ता मिति | बाबु र आमा को नाम | अभिभावक वा संरक्षकको नाम | ठेगाना | खाता खोलेको बैँक नाम | बैंक खाता नम्बर | खाताको अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**आज्ञाले**
**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**